नेपाल सरकार
भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि प्रशासन कार्यालय,परासी

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

पत्र संख्याः २०८३/०८४
चलानी नं. ४६२६

मितिः-२०८३/०६/२०

## विषयः सूचना टाँस गरी जानकारी/ मुचुल्का पठाइदिने सम्बन्धमा ।

श्री नवलपरासी जिल्ला अदालत, नवलपरासी (ब.सु.प.) ।

श्री जिल्ला समन्वय समितिको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) ।

श्री जिल्ला प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) ।

श्री नापी कार्यालय परासी, नवलपरासी (ब.सु.प.) ।

श्री बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बर्दघाट, नवलपरासी (ब.सु.प.) ।

श्री बर्दघाट नगरपालिका २ नं. वडा कार्यालय, नवलपरासी (ब.सु.प.) ।

...घाट नगर कार्यपालिकाको कार्यालय
...र्दघाट-४, नवलपरासी (ब.सु.प.)
दर्ता नं.: १८२९
मिति : २०८३/६/२२

प्रस्तुत् विषयमा छविलाल गिरीको बुहारी, शसिलाल गिरीको श्रीमतीहरु जिल्ला नवलपरासी, बर्दघाट नगरपालिका वडा नं. २ बस्ने चन्द्री गिरी र धनिकला गिरीको नाउँको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना थान १ (एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । अतः उक्त सूचना तँहा कार्यालयको सूचना पाटीमा टाँस गरी सूचना टाँसको मुचुल्का/जानकारी यस कार्यालयमा पठाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

२०८३/६/२०

..................
तेजराज शर्मा
प्रमुख भूमि प्रशासन अधिकृत

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि प्रशासन कार्यालय,परासी

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

पत्र संख्याः २०८३/०८४
चलानी न.

मितिः-२०८३/०६/२०

## श्री भूमि प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.) बाट प्रकाशित हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना ।

छविलाल गिरीको नाति शसिलाल गिरीको छोरा जिल्ला नवलपरासी बर्दघाट नगरपालिका वडा नं. २ बस्ने भविलाल गिरी..१, ऐ.ऐ.को नातिनी ऐ.ऐ.को छोरी ऐ.ऐ. बस्ने गंगावती गिरी..१, र शसिलाल गिरीको बुहारी युवा गिरीको श्रीमती देवी गिरी..१ समेत ३ (तीन) जनाले छविलाल गिरीको बुहारी, शसिलाल गिरीको दुईवटी श्रीमतीहरु जिल्ला नवलपरासी बर्दघाट नगरपालिका वडा नं. २ बस्ने मृतक जग्गाधनी तथा हामीहरुको आमा/सासुआमा नाता पर्ने चन्द्री गिरी र धनीकला गिरीको क्रमशः मिति २०६०/०७/११ र मिति २०८१/०३/११ गते आ-आफ्नो कालगतीले मृत्यु भएको हो । निज मृतक जग्गाधनीहरुको मृत्यु पश्चात् निजको संयुक्त नाउँमा दर्ता कायम रहेको साविक माकर गा.वि.स. वडा नं. २/ज कि.नं. १२० ज.वि. ०-२-० जग्गाको नजिकको हकवालामा निज जग्गाधनीहरुको श्रीमान तथा हामीहरुको बुबा/ससुराबुबा शसिलाल गिरी रहेकोमा निजको पनि मिति २०५६/१०/०७ गते आफ्नै कालगतीले मृत्यु भएको हो । मृतक जग्गाधनी चन्द्री गिरी र मृतक शसिलाल गिरीको सन्तानको रुपमा एक छोरा भविलाल गिरीको मात्र जन्म भएको र मृतक जग्गाधनी धनीकला गिरी र मृतक शशिकला गिरीको सन्तानको रुपमा तीनजना सन्तान जेठो छोरा युवा गिरी, कान्छो छोरा दया गिरी र एकमात्र छोरी गंगावती गिरीको जन्म भएकोमा जेठो छोरा युवा गिरीको मिति २०६१/०८/०३ गते आफ्नै कालगतीले मृत्यु भएको र निजको नजिकको हकवाला एकमात्र श्रीमती देवी गिरी रहेको, कान्छो छोरा दया गिरीको पनि मिति २०५१/०२/२५ गते अविवाहित अवस्थामा नै आफ्नै कालगतीले मृत्यु भएको र एकमात्र छोरी गंगावती गिरी अविवाहित रहेकोमा मृतक जग्गाधनी जिवित छँदासम्म निजको पालनपोषण, हेरविचार, स्याहारसुसार, औषधी उपचार गरी मृत्यु पछिको काजक्रिया गरी ऋणधन समेत हामी निवेदकहरु भविलाल गिरी, देवी गिरी र गंगावती गिरीले नै संयुक्त रुपमा गर्दै आइरहेकोले माथि उल्लेखित कि.नं.को जग्गा हामीहरुको संयुक्त नाउँमा नामसारी गराई पाऊँ भनी यस कार्यालयमा पेश गरेको माग निवेदन सम्बन्धमा निवेदकहरु भविलाल गिरी, देवि गिरी र गंगावती गिरी बाहेक मृतक जग्गाधनी चन्द्री गिरी र धनीकला गिरीको अन्य छोरा, छोरी तथा नजिकको हकवाला भए वा मृतक जग्गाधनीहरु जिवित छँदासम्म निजको पालनपोषण हेरचाह औषधी उपचार गरी मृत्यु पछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस श्री भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा सप्रमाण हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना सम्बन्धित सबैका लागि जानकारी गरिएको छ, अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।